स्थानीय सरकार

# रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी (ब.सु.प.)

लुम्बिनी प्रदेश, नेपाल

प.सं. : ०८१/०८२

(सूचना प्रकाशन मिति २०८२/०३/११)

## तह वृद्धिका लागि आवेदन पेस गर्ने सम्बन्धी सूचना !

**स्थानीय निजामती सेवा ऐन, २०८१** को दफा ३१ बमोजिम तह वृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका, आवश्यक योग्यता प्राप्त गरेका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेका उपयुक्त उम्मेदवारहरुले रामग्राम नगरपालिकाको स्थानीय तहमा तहवृद्धि हुन चाहेमा तह वृद्धि हुनका लागि यस कार्यालयमा **स्थानीय निजामती सेवा नियमावली, २०८१** को नियम ४८ अनुसार सोहि नियमावलीको अनुसूची - १६ बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिलका कागजात सहित आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१. सक्कल निवेदन,
२. हालको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
४. कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपि,
५. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपि,
६. पछिल्ला पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फारम पेश गरेको निकायको विवरण,
७. हालसम्म विभागीय कारबाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तहवृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,
८. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।

(यम बहादुर कुँवर)

प्रमुख प्रशासकीय अधिकृत

**यम बहादुर कुँवर**

**प्रमुख प्रशासकीय अधिकृत**

CamScanner